जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २२२ २०८० साल चैत २६ गते सोमबार (8 Apr. 2024 Monday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विपन्न नागरिकको उपचार सेवामा... ३ पृष्ठमा : मधेस आन्दोलनकै जगमा ... ३ पृष्ठमा सुडानमा विद्रोहीको...

## जिल्लाकै प्रतिष्ठित मेयर कप क्रिकेट प्रतियोगिता बैशाखमा हुने




**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

जिल्लाकै प्रतिष्ठित सप्तरी प्रिमियर लिग मेयर कप (सिजन ६) टि-ट्वान्टी क्रिकेट प्रतियोगिता आगामी बैशाखमा संचालन हुने भएको छ । यसका लागि आइतबार राजविराज नगरपालिकासँग सम्झौता समेत भएको छ ।

राजबिराज नगरपालिका र सप्तरी क्रिकेट संघबीच उक्त प्रतियोगिता संचालनका लागि एक कार्यक्रम बिच सम्झौता भएको सप्तरी क्रिकेट संघले जनाएको छ ।

बैशाखको अन्तिम सातादेखि राजबिराजमा संचालन हुने उक्त प्रतियोगिताका लागि राजबिराज नगरपालिका कार्यवाहक नगरप्रमुख ईसरत परिवनले सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठलाई सम्झौता पत्र हस्तान्तरण गरेकी छिन् ।

सो अवसरमा कावा प्रमुख परविनले सप्तरीमा क्रिकेट खेलको बिकासका लागि नगरपालिकाले प्रत्येक बर्ष मेयर कप प्रतियोगिताको लागी नगरस्तरिय योजनामा राख्दै आएको बताईन । उनले संसारमा सबै भन्दा बढी खेल्ने खेल भनेकै क्रिकेट भएकोले सप्तरी क्रिकेटको बिकासका लागि नगरपालिका कहिले पछाडी नहट्ने प्रतिबद्धता जनाइन् ।

कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत बिष्णु प्रसाद गुरुङले बिश्वमा नेपाललाई चिनाउन सप्तरीले थुप्रै अन्तराष्ट्रिय, राष्ट्रिय खेलाडी उत्पादन गर्न उर्वर भूमी रहेकोले स्थानिय सरकारले क्रिकेट खेलको बिकास गर्न प्राथमिकतामा राख्नु पर्ने बताए ।

सम्झौता कार्यक्रममा बोल्दै सप्तरी क्रिकेट संघका अध्यक्ष श्रेष्ठले सप्तरी प्रिमियर लिग मेयर कप प्रतियोगिता मधेश प्रदेश कै उत्कृष्ट प्रतियोगिता रहेको बताउदै मेयर कप नेपाल क्रिकेट संघको बार्षिक क्यालेन्डरमा समेत रहेकोले प्रतियोगिताको महत्व बढेको बताए ।

उक्त प्रतियोगिता खेलाडी खरिद बिक्री (अक्सन) माध्यमवाट देश भरीकै राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरूको आवेदन मार्फत गरेर उनीहरूको सहभागितामा प्रतियोगिता गरिने बताए ।

उक्त अवसरमा राजबिराज नगरपालिका स्वास्थ शाखा संयोजक निरन्जन यादब, शाखा अधिकृत कल्पना देव, सप्तरी क्रिकेट संघका उपाध्यक्ष निरज सिंह, सचिव चन्दन यादव, कोषाध्यक्ष तुलानाथ माझी, समाजसेवी मोहम्मद फिरोज लगायत सप्तरी क्रिकेट संघका पदाधिकारी, खेलाडीहरूको सहभागिता रहेको थियो ।

## पत्रकारिता क्षेत्रको समस्या समाधानका लागि आफू गम्भिरः कावा प्रमुख

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**



राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परबिनले आइतबार राजविराजस्थित राष्ट्रिय समाचार समिति (रासस) कार्यालयको जिर्ण भवनको निरिक्षण गरेकी छिन् ।

राजविराज ३ स्थित रासस कार्यालयको जिर्ण भवनको स्थलगत निरिक्षण गर्दै उनले पत्रकारिता क्षेत्रको समस्या समाधानका लागि आफू गम्भिर रहेको बताइन् । निरिक्षणका क्रममा कावा प्रमुख परबिनले जिर्ण अवस्थामा रहेको रासस कार्यालय भवनको मर्मत र आवश्यक संचार उपकरणका लागि चरणबद्ध रुपमा सहयोग गर्ने आश्वासन दिइन् ।

राससको कार्यालय भवन अत्यन्तै जिर्ण रहेको तथा संचार उपकरणको समेत अभाव रहेको रासस सप्तरीका कार्यालय प्रमुख शम्भु प्रसाद यादवले जानकारी गराएपछि निरिक्षणका लागि टोलीसहित पुगेकी उनले आफू पत्रकारिता क्षेत्रको विकाससँगै मिडिया मैत्री वातावरण निर्माणका लागि सक्दो सहयोग गर्ने बताइन् ।

एक कठ्ठा दुई धुर जग्गामा रहेको राससको ८ कोठे भवन वर्षौंदेखी जिर्ण अवस्थामा रहँदा जोखिमपूर्ण अवस्थामा काम गरिरहनु परेको निरिक्षणको क्रममा राससका कार्यालय प्रमुख यादवले कार्यवाहक प्रमुख परबिनलाई जानकारी गराएका थिए ।

निरिक्षण टोलीमा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख निरन्जन प्रसाद यादव, प्राविधिक र नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद् सदस्य मनोज कुमार माझी लगायतको सहभागिता थियो ।

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School

Rajbiraj 2, (Near Rajdevi Mandir)

**Play Group to Class 9**

"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"

हाम्रो विशेषताहरु

- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

सम्पर्क फोन नं. ०३१-५९०१९२
मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)
मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१

## बैंकबाट झिकेको साढे १५ लाख रुँपैया हतियार देखाएर लुटियो

**दैनिक समाचारदाता**
**सिरहा, २५ चैत ।**

सिरहास्थित बैंकबाट रकम झिकेर विष्णुपुरमा संचालनमा रहेको एक मनी ट्रान्सफरका लगिरहेको रकम आइतबार हतियारधारी समूहले लुटेका छन् ।

स.९प. ६३१० नम्बरको मोटरसाइकलमा विष्णुपुर जाने क्रममा पुरुषोत्तम यादवलाई सिरहा नगरपालिका ८ मा भारतीय मोटरसाइकलमा रहेका दुई लुटेराले हतियार देखाएर रकम लुटेका हुन् ।

सिरहाका प्रहरी प्रवक्ता डिएसपी मुक्तिनाथ सापकोटाले यादवबाट १५ लाख ५० हजार नगद, ग्लोबल आईएमई

*बाँकी अन्तिम पृष्ठमा*

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

घर बिक्रिमा छ

१३ धुर

(राजविराजको पोखरेल टोलमा)

घरधनी सम्पर्क नं.
९७०५०००५१

## सम्पादकीय ....

### स्वास्थ्यप्रति ध्यान दिऔं

स्वास्थ्य नै धन हो । यो मूल मन्त्र अहिले हाम्रो अतिव्यस्त जिवनमा सबैले सम्झनु पर्दछ । मानव जिवनमा स्वास्थ्य अति नै महत्वपूर्ण रहेको छ । यसप्रति हरेक व्यक्ति सम्वेदनशल हुनु जरुरी छ । हरेक व्यक्ति स्वास्थ्यप्रति ध्यान दिएमा विरामी हुनबाट जोगिनुका साथै कुनै पनि काम गर्न निकै मद्दत पुग्छ । यसका लागि हरेक व्यक्तिले आफ्नो घरको सरसफाईमा ध्यान दिनु आवश्यक छ । यस्तै खानपिनमा समेत ध्यान दिनु जरुरी छ । राती सबेरै सुत्नु र बिहानै सबेरै उठेर ब्याम गरेमा स्वस्थ्य रहन सकिन्छ ।

यसबाहेक आफ्नो घर र वरिपरि पनि सरसफाई आवश्यक छ । यो प्रक्रिया प्रत्येक व्यक्तिले अपनाउनु पर्दछ । घरको फोहर सुरक्षित स्थानमा बिसर्जन गर्ने बानी पनि बसाल्नु पर्दछ । यसो नगरिए स्वास्थ्यलाई गम्भिर असर पार्न सक्छ । खानेकुरामा पनि उत्तिकै ध्यान दिनु आवश्यक छ । जहिले पनि ताजा खाना खाने र नियमित खानपिनमा ध्यान दिनु आवश्यक छ ।

स्वस्थ रहनमा यी कुराहरुमा ध्यान दिन सके पक्कै पनि हामी निरोगी रहन्छौं । तसर्थ स्वस्थ रहने सके मात्र अहिलेको अतिव्यस्त जिवनमा हामी सफल हुनसक्छौं होइन भने रोगि भएमा धनका साथ साथै घरपरिवारमा अन्य समस्या समेत आउनु सक्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विपन्न नागरिकको उपचार सेवामा पहुँच बढाउँदै स्वास्थ्य बीमा कार्यक्रम

**शरद् शर्मा**
काठमाडौं, २५ चैत (रासस) ।

आर्थिक रुपमा गरिब भएका मानिसलाई उपचारको एकमात्र माध्यमको रुपमा स्वास्थ्य बीमा कार्यक्रम रहेको छ । २०७२ सालमा कैलालीबाट शुरु भएको स्वास्थ्य बीमा कार्यक्रमले धनीदेखि विपन्न नागरिकलाई उपचार सेवा पु¥याउँदै आएको छ ।

स्वास्थ्य बीमा बोर्डले नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनका लागि सामाजिक स्वास्थ्य बिमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यका सामाजिक स्वास्थ्य सुरक्षाका रुपमा शुरुवात भएको हो । यस कार्यक्रमले सर्वव्यापी स्वास्थ्यको पहुँच प्राप्त गर्नेतर्फ नेपाललाई अग्रसर बनाउँदै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्ने आशा लिएको छ ।

बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बर्सौलाले धनीले गरिबलाई, हुनेले नहुनेलाई उपचारमा सहयोग गर्ने उद्देश्यका साथ बीमा कार्यक्रम ल्याएको बताउनुभयो । स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि तीन हजार पाँच सय रुपियाँ बराबरको योगदानको आधारमा एक लाख रुपियाँसम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ ।

यस्तै थप प्रति सदस्य ७०० रुपियाँका दरले योगदान रकम थपिदै जाने र प्रतिसदस्य २० हजार रुपियाँ बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ । बीमा कार्यक्रमको सेवा सुविधाको सीमा दुई लाख रुपियाँसम्म तोकिएको छ ।

बोर्डका अध्यक्ष डा. गुणराज लोहनीले चिकित्सक र अस्पतालको मुख नदेखेका गरिबी, विपन्न परिवारलाई बीमा कार्यक्रममार्फत उपचार सेवा प्रदान गरिरहेको बताउनुभयो । “गरिब दिन दुःखीलाई उपचारको माध्यम बीमा कार्यक्रम रहेको छ” उहाँले भन्नुभयो, “बिमालाई अझ प्रभावकारी कार्यन्वयन गरी सबैलाई समेटनुपर्दछ ।”

नेपालको सन्दर्भमा स्वास्थ्य बीमा कार्यक्रमको थालनी २०३३ सालदेखि तत्कालीन शान्ता भवन अस्पताल, पाटनले ललितपुर जिल्लाका केही समुदायबाट सुरु गरेको पाइन्छ । तर पछि त्यसले निरन्तरता पाउन सकेन । नागरिकको समेत केही योगदान रहने गरी नागरिक र राज्यको साझेदारीमा स्वास्थ्य सेवा पु¥याउने शुरु गरिएको स्वास्थ्य बीमा कार्यक्रम अहिले ७७ जिल्लाका ७५२ स्थानीय तहमा कार्यक्रम शुरुआत गरिएको छ । यसैवर्ष काठमाडौं र ललितपुर महानगरपालिकाले बीमा कार्यक्रम शुरु गरेका हुन् ।

अहिले काठमाडौंको बुढानीलकण्ठ नगरपालिका मात्र स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएको छैन । नगरपालिकाले स्वास्थ्य बीमा बोर्डसँग पहिलो चरणको छलफल गरी निकट भविष्यमा नै कार्यक्रम लागु गर्ने तयारी गरेको बोर्डका सूचना अधिकारी ओमकुमारी कडेलले जानकारी दिनुभयो ।

**बढ्दै बीमा गर्ने**

कार्यकारी निर्देशक डा. बर्सौलाले बीमा कार्यक्रमप्रति आम नागरिकको सचेतना बढ्दै र स्थानीय तहले पनि अपनत्व लिएको हुनाले बढ्दो क्रममा रहेको बताउनुहुन्छ । स्वास्थ्य बीमा कार्यक्रममा विगत तीन वर्षदेखि सेवा उपभोग गर्ने बिमितको प्रतिशत विश्लेषण गर्दा आव २०७७/७८ मा २९ प्रतिशत देखि बढेर आव २०७९/८० मा ३८ प्रतिशत पुगेको थियो ।

बीमा कार्यक्रममा कूल बिमित परिवार सङ्ख्या २३ लाख ९२ हजार ६७६ जना (३५.८८ प्रतिशत) र कुल बिमित जनसङ्ख्या ७७ लाख ४१ हजार ४८३ जना ( २६.५४ प्रतिशत) रहेको छ । यस्तै कुल बिमितमध्ये सेवा लिनेको सङ्ख्या ३६ लाख ५२ हजार ४३२ जना (४७.१८ प्रतिशत )र नवीकरण गर्ने बिमित ४८ लाख आठ हजार ७६० जना (६२.११ प्रतिशत) रहेको छ । अहिले स्वास्थ्य बीमा कार्यक्रममार्फत एक हजार ३३ प्रकारका औषधि उपलब्ध हुन्छ ।

बीमा कार्यक्रमले व्यक्तिको स्वास्थ्य उपचारका क्रममा लाग्ने खर्चका लागि वित्तीय संरक्षण प्रदान गर्दै स्वास्थ्यमा अप्रत्याशित उपचार खर्च कम गरी गरिबीको रेखातिर जानबाट जोगाउने विश्वास गरिएको छ । जनताको समग्र स्वास्थ्य स्थितिमा सुधार गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई स्वास्थ्य बीमाको माध्यमबाट सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्नु रहेको छ ।

**सहभुक्तानी प्रणाली सुरु**

बिमितले जसरी पनि एक लाखको उपचार गर्नुपर्दछ भन्ने विमितको गलत बुझाइ रहेको छ । कार्यकारी निर्देशक डा. बसौलाले आफूले उपचार नगर्दा मेरो सहयोगले अरुले उपचार सेवा पाइरहेको हुन्छ भन्ने कुरा नबुझेको हुनाले समस्या रहेको बताउनुभयो । “बिमितले एक वर्षसम्म उपचार सेवा नपाए ओ हो मैले उपचार गरेवापत एक लाख खर्च गर्नुपर्दछ । मैले उपचार गर्नेपर्दछ भनेर गलत बुझाई रहेको छ,” उहाँले भन्नुभयो, “बिमितले उपचार नगरे सोही रकमबाट अर्को बिमितको उपचार हुन्छ भन्ने राम्रासँग बुझेका छैनन् । त्यसैले गर्दा पनि समस्या आएको हो ।”

बोर्डले सरकारी अस्पतालमा उपचार गरे १० प्रतिशत र निजी अस्पतालमा उपचार गरे २० प्रतिशत सहभुक्तानी प्रणाली लागु गरेको छ । यसअघि बोर्डमा आवद्ध भएकाले कुनै पनि बिमितले उपचार गरेवापत खर्च तिर्नु पर्दैनथ्यो ।

बोर्डका कार्यकारी निर्देशक डा बसौलाले अनावश्यक स्वास्थ्य परीक्षणलाई निरुत्साहित गर्नका लागि परीक्षणका रुपमा सहभुक्तानी प्रणाली लागु गरिएको बताउनुभयो । “बिमितहरुले अनावश्यक रुपमा चिकित्सकलाई दबाब दिएर स्वास्थ्य परीक्षण गराउन थाले” उहाँले भन्नुभयो, “त्यसलाई निरुत्साहित गर्नका लागि आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर विरामीलाई १० देखि २० प्रतिशत तिराउने निर्णय गरेका हौं ।”

सरकारले घोषणा गरेका लक्षित वर्ग (विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता, दीर्घरोगी) र आकस्मिक कक्षमा उपचार गराउनुको साथै प्राथमिक स्वास्थ्य केन्द्र र १५ शैय्यासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बिमितले सहभुक्तानी रकम तिर्नु पर्दैन । बोर्डका कार्यकारी निर्देक डा बसौलाले उपचारको सुविधा थैली समय अनुसार परिमार्जन गर्ने भएकाले थैली बढाउने तयारी गरिएको बताउनुभयो । उहाँले योगदान रकम पनि बढाउने र सोही अनुसार उपचार सेवावापत गरिएको सीमा एक लाखबाट बढाउने तयारी गरिएको बताउनुभयो । अहिले तीन हजार ५०० बराबरको योगदानमा एक लाख रुपियाँसम्म उपचार खर्च पाउने गर्दछन् ।

**भुक्तानी कात्तिकसम्म मात्र बाँकी**

देशका चार सय ६५ अस्पतालबाट स्वास्थ्य बीमा कार्यक्रम लागु गरिएको छ । दिनमा ३० हजार व्यक्तिले बीमा कार्यक्रममार्फत उपचार गर्ने गरेको दाबी बोर्डमा आउने गरेको छ । केही सत्यापन गर्नका केही दाबी रोकिएको बताउनुभयो । साउनसम्मको भुक्तानी भइसकेको र कात्तिकसम्मको भुक्तानीको चरणमा रहेको छ ।

बोर्डका कार्यकारी निर्देशक डा.बसौलाले चालु आवको कुल भुक्तानी रु छ अर्ब ४४ करोड १६ लाख ९९ हजार सात सय ५५ भइसकेको छ । उहाँका अनुसार अहिलेसम्म करिब छ अर्ब भुक्तानी गर्न बाँकी रहेकाले चाँडै नै भुक्तानी गर्ने बताउनुभयो ।

**नागरिकलाई बरदान सरह**

गरिबी, आर्थिक हैसियत कम भएका मानिसले उपचार गर्ने एक माध्यमको रुपमा स्वास्थ्य बीमा कार्यक्रम रहेको छ । अहिले पनि कति नागरिकले बीमा कार्यक्रमबाट थोरै रुपियाँमा स्वास्थ्य सेवा पाएर जीवन वरदान पाएको कार्यकारी निर्देशक डा बसौला बताउनुहुन्छ ।

“उपचारका लागि पाँच हजार रुपियाँ पनि खर्च गर्ने सक्ने हैसियत नभएका गरिवी, विपन्नको एक लाखसम्म औषधि उपचार गर्न पाएका छन् । कतिले यसलाई बरदान पनि भनेका छन् । गरिवीले महगो उपचार गर्दा सडकमा आउनुपर्दछ । तर बिमामार्फत त्यस्ता गरिवी दिनदुःखीको उपचार सरकारले गरेको छ”, उहाँले भन्नुभयो, “कोही पनि पैसाको अभावमा रोग लुकाएर बस्नु परेको छैन । आर्थिक अभाव भएका लागि उपचारका लागि एकमात्र माध्यम स्वास्थ्य बीमा कार्यक्रम रहेको छ ।”

आव २०७९/८० मा स्वास्थ्य बीमामा आबद्ध ४६ लाख ५८ हजार तीन सय ३१ जना बिमित मध्ये सेवा उपभोग गर्ने १७ लाख ८५ हजार आठ सय ३३ रहेको छन् । कार्यक्रममा आबद्ध भएका बिमितमध्ये सबैभन्दा धेरै सेवा उपभोग गर्ने बिमितको रुपमा सामान्य बिमित रहेका छन् । उमेरको आधारमा बिमितको विवरण हेर्दा १५ देखि ५९ वर्ष उमेर समूहको बिमित ५६ प्रतिशत छन् भने सबैभन्दा कम सात प्रतिशत, ६० देखि ६९ वर्ष उमेर समूहका जनसङ्ख्या बीमा कार्यक्रममा आबद्ध रहेको देखिन्छ ।

आव २०७९/८० को कुल क्रियाशील बिमितमध्ये कोशी प्रदेशमा सबैभन्दा धेरै २८ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम मात्र छ प्रतिशत रहेको छ । यस्तै उपचार सेवा उपभोग गर्नेमा कोशी प्रदेशमा सबैभन्दा धेरै ४३ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७ प्रतिशत रहेको छ । सेवा प्रदायक स्वास्थ्य संस्थाहरुको आधारमा हेर्दा ६१ प्रतिशत बिमितले सरकारी अस्पतालबाट सेवा उपभोग गरेको देखिन्छ ।

त्यस्तै जिल्लागत रुपमा हेर्दा पाल्पा, जुम्ला, चितवन, भक्तपुर र झापा जिल्लामा स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध क्रियाशील जनसंख्या स└ म्बन्धित जिल्लाको जनसङ्ख्याको ४० प्रतिशतभन्दा माथि रहेका छन् भने धनुषा, महोत्तरी, सर्लाही र काठमाडौं जिल्लामा सबैभन्दा कम तीन प्रतिशत जनसङ्ख्या स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध रहेको देखिन्छ । बिमालाई स्वेच्छिक राखिएको हुनाले सोचेजस्तो विमित नभएको बोर्डका कार्यकारी निर्देशक डा. बसौलाको भनाई रहेको छ ।

**प्रभावकारी बनाउने के गर्ने**

बोर्डका कार्यकारी निर्देशक डा. बर्सौलाले नागरिकले सहज रुपमा सेवा उपलब्ध गराउनुपर्ने बताउनुहुन्छ । बिमाका बारेमा नबुझेका मानिसलाई बुझाउन आवश्यक रहेको बताउनुभयो । सङ्घ, प्रदेश र स्थानीय तहको अपनत्व लिई कार्यक्रमलाई प्रभावकारी बनाउन सकिने उहाँको भनाई रहेको छ ।

बोर्डका अध्यक्ष डा. लोहनीले बीमा कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि सेवालाई राम्रो, जनचेतना र गाउँगाउँमा बीमा कार्यक्रमबारे जनचेतजना जगाउनुपर्ने आवश्यक रहेको बताउनुहुन्छ । उहाँले सेवालाई प्रभावकारी बनाउनका लागि अनलाइनमार्फत दर्ता प्रक्रिया पनि चाँडै नै शुरु गर्ने बताउनुभयो । उहाँले सात सय ५२ स्थानीय तहमा बीमा कार्यक्रम लागु गरिए पनि निजामती कर्मचारी, शिक्षक, सुरक्षाकर्मी र अन्य कर्मचारीमा पुग्न नसकेको उहाँको भनाइ छ ।

**नवीकरण सबैले गर्दैनन्**

सेवामा सन्तुष्टि नभएकाले नवीकरण गर्ने गरेको उहाँ बताउनुहुन्छ । चार सयभन्दा बढी स्थानीय तहमा अस्पताल नभएकाले बीमा कार्यक्रमका सहजकर्ता नहुँदा नवीकरणमा समस्या भएको उहाँ बताउनहुन्छ । बिमित परिवार २३ लाख ९२ हजार छ सय ७६ मध्ये नवीकरण गर्ने परिवार १५ लाख ७१ हजार पाँच सय ५५ जना (६५.६८ प्रतिशत) रहेको छन् । “चार सय वटा स्थानीय तहमा सेवा प्रदायक ( अस्पताल) रहेका छैनन्”, उहाँले भन्नुभयो, “अस्पताल नभएकाले ती स्थानीय तहमा नवीकरण हुन सकेको छैन ।”

सरकारले अतिगरिब, ज्येष्ठ नागरिक, एचआइभी सङक्रमित, अतिअशक्त अपाङ्गता, कुष्ठरोग सङ्क्रमित र महिला स्वास्थ्य स्वयसेविकाको निःशुल्क बीमा गरिने दिने गरेको छ । अतिगरिब पाँच लाख १४ हजार छ सय १८ जना, ज्येष्ठ नागरिक नौ लाख ३० हजार तीन ९७ जना, एचआइभी सङ्क्रमित ३६ हजार आठ सय ८१ जना, अतिअशक्त अपाङ्गता एक लाख ४१ हजार दुई सय २३ जना, क्षयरोगका बिरामी तीन हजार तीन सय ३१ जना, कुष्ठरोग सङ्क्रमित तीन हजार छ सय ८५ जना र महिला स्वास्थ्य स्वयंसेविका एक लाख ३२ हजार पाँच सय ६७ जना रहेका छन् ।

डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office Of the Municipal Executive
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

प.सं. २०८०/०८१ मितिः २०८०/१२/२५

## विषय : उपभोक्ता समिति गठनको लागि सूचना प्रकाशन गरिएको बारे ।

प्रस्तुत विषयमा डाक्नेश्वरी नगरपालिकाको चालु आ.व. २०८०/०८१ मा तपसिल अनुसार संचालन हुने नगर स्तरीय पूर्वाधार विकास तर्फको योजनाको उपभोक्ता समिति गठन गर्नुपर्ने भएकोले तपसिलको मिति, समय र स्थानमा आम भेला भईदिनु हुन सम्पूर्ण सरोकारवाला आम उपभोताहरुलाई जानकारीको लागि अनुरोध छ।

### तपसिल

| सि.नं. | योजनाको नाम | विनियोजित रकम | मिति | स्थान | समय | उपभोक्ता समिति गठन गर्ने खटिने कर्मचारी |
|---|---|---|---|---|---|---|
| १ | डाक्नेश्वरी ५ साविक वडा नं. ६ राजाजी बाबा मन्दिरमा धर्मशाला निर्माण | ३००००० | २०८१।०१।०२ | राजाजी बाबा मन्दिर प्राङ्गणमा | बिहान ७ बजे | श्री विवके कुमार मंडल अ.सब-इन्जिनियर |
| २ | डाक्नेश्वरी नगरपालिकाको पातो बजारमा रहेको अधुरो सर्पदंश उपचार केन्द्र भवनमा निर्माण कार्य | २०००००० | २०८१।०१।०२ | सर्पदंश उपचार केन्द्रमा | दिउँसो ३ बजे | श्री लक्ष्मी नारायण साह सब-इन्जिनयर |
| ३ | "वडा नं. 8, को रुद्र नारायण साहको घर देखि दर्प नारायण शर्मा को घर सम्म RCC ढलान कार्य" | ५००००० | २०८१।०१।०२ | रुद्र नारायण साहको घर अगाडी | बिहान ७ बजे | श्री संजय कुमार यादव सब-इन्जिनयर |
| ४ | डाक्नेश्वरी वडा नं. २ देवकान्त घरदेखी रामप्रसाद साहको घरसम्म आर सि सि ढलान | ५००००० | २०८१।०१।०२ | देवकान्तको घर अगाडी | दिउँसो ३ बजे | श्री संगिता कुमारी यादव अ.सब-इन्जिनियर |
| ५ | मिलन चौकदेखी सशस्त्र क्याम्प सम्म माटो ग्राभेल कार्य | ४८०००० | २०८१।०१।०२ | बेल्हा पोखरीको डिलमा | बिहान ७ बजे | श्री संगिता कुमारी यादव अ.सब-इन्जिनियर |
| ६ | वडा नं ३ बशिष्ट ठाकुरको खेत देखी उत्तर माटो ग्राभेल कार्य | २००००० | २०८१।०१।०२ | राम जानकी मन्दिर प्राङ्गणमा | दिउँसो ३ बजे | श्री जिवन कुमार चौधरी सब-इन्जिनयर |
| ७ | वडा नं ३ हटैल टोलको वैधनाथ साहको घरदेखी पश्चिम तर्फ जाने बाटोमा आर सी सी ढलान | ५००००० | २०८१।०१।०२ | बैजनाथ साहको घर अगाडी | दिउँसो ३ बजे | श्री रंधिर कुमार यादव खा.प.स.टे |
| ८ | वडा नं 5, विष्णु मंडलको घर अगाडी अधुरो ढलान देखि डगरिन थान सम्म RCC ढलान कार्य | १०००००० | २०८१।०१।०२ | बरका पोखरीको डिलमा | दिउँसो ३ बजे | श्री संजय कुमार यादव सब-इन्जिनयर |
| ९ | वडा नं. 5 (साविक वडा नं. 1) जोगीन्द्र मंडलको घर देखी विष्णु मंडलको घर हुँदै चौधरीको बाँसम्म पक्की नाला निर्माण कार्य | ३००००० | २०८१।०१।०३ | प्रमोद चौधरीको घर अगाडी | दिउँसो ३ बजे | श्री सुनिल कुमार साह अ.सब-इन्जिनियर |
| १० | वडा नं. 5 राजेश्वर मंडलको घरदेखि प्रमोद चौधरीको घरसम्म आर.सी.सी. ढलान कार्य | ८००००० | २०८१।०१।०३ | डिहबार थानको प्राङ्गणमा | दिउँसो ३ बजे | श्री लक्ष्मी नारायण साह सब-इन्जिनयर |
| ११ | वडा नं. 5, पातोको मुल सडक देखि पूर्व डा.न.पा. भवनको दक्षिन हुदै बथनाहा, प्रवाहा सम्म नयाँ सडक निर्माणको लागि माटो कार्य | ८००००० | २०८१।०१।०३ | बेल्हा पोखरीको डिलमा | दिउँसो ३ बजे | श्री संजय कुमार यादव सब-इन्जिनयर |
| १२ | वडा नं. 9 जितेन्द्र साहको घरदेखि पूर्व विन्दु साहको घरसम्म सडक ढलान कार्य | ७००००० | २०८१।०१।०३ | वडा कार्यालय भवनमा | दिउँसो ३ बजे | श्री रंधिर कुमार यादव खा.प.स.टे |
| १३ | वडा नं. 9, प्रहरी चौकी देखि पूर्व नाला निर्माण कार्य | ६००००० | २०८१।०१।०३ | वडा कार्यालय भवनमा | बिहान ७ बजे | श्री लक्ष्मी नारायण साह सब-इन्जिनयर |
| १४ | डाक्नेश्वरी ८ प्रवाहा टोलको कुरीनमा चौरीको लक्षणदेव शाह खेत नजिक सिचाइको लागी बोडिंग जडान कार्य | ५०००० | २०८१।०१।०३ | भगवती मन्दिर अगाडी | बिहान ७ बजे | श्री संजय कुमार यादव सब-इन्जिनयर |
| १५ | वडा नं. 6 औरही टोलको राधादेवी यादवको खेतमा सिँचाईको लागि बोरिङ्ग जडान कार्य | ५०००० | २०८१।०१।०३ | राधादेवी यादवको घर अगाडी | दिउँसो ३ बजे | श्री सुशिल कुमार यादव सब-इन्जिनयर |
| १६ | वडा नं. 6 फत्तेपुर टोलमा सिंहजी घर अगाडि सिँचाईको लागि बोरिङ्ग जडान कार्य | ५०००० | २०८१।०१।०३ | सिंहजी घर अगाडी | दिउँसो ३ बजे | श्री संगिता कुमारी यादव अ.सब-इन्जिनियर |
| १७ | डाक्नेश्वरी २ ठाकुर टोलमा टुवेल जडान कार्य | ३००००० | २०८१।०१।०४ | रेखा ठाकुरको घर अगाडी | दिउँसो ३ बजे | श्री संजय कुमार यादव सब-इन्जिनयर |
| १८ | वडा नं. 10 मा विभिन्न ठाउँको लागि समर्सियल बोरिङ्ग जडान कार्य | १५००००० | २०८१।०१।०४ | वडा कार्यालय भवनमा | दिउँसो ३ बजे | श्री जिवन कुमार चौधरी सब-इन्जिनयर |
| १९ | वडा नं. 3 तरही (साविक वडा नं. 4) मा सडकदेखि पश्चिम रहेको श्रवण चौधरीको घर अगाडि समर्सियल बोरिङ्ग जडान कार्य | १७०००० | २०८१।०१।०४ | श्रवण चौधरीको घर अगाडी | दिउँसो ३ बजे | श्री संगिता कुमारी यादव अ.सब-इन्जिनियर |
| २० | वडा नं. 3, तरही टोलको लाल कुमार चौधरी को घर अगाडी समर्सियल बोर्डिङ्ग जडान | १६०००० | २०८१।०१।०४ | लाल कुमार चौधरीको घर अगाडी | दिउँसो ३ बजे | श्री सुनिल कुमार साह अ.सब-इन्जिनियर |
| २१ | वडा नं. 5 को लागि समरसियल बोरिङ्ग जडान कार्य | ३००००० | २०८१।०१।०४ | डिहबार थानको प्राङ्गणमा | दिउँसो ३ बजे | श्री लक्ष्मी नारायण साह सब-इन्जिनयर |
| २२ | डाक्नेश्वरी ९ यस एल पी माविको लागी शौचालय निर्माण | ६००००० | २०८१।०१।०४ | एस.एल.पी. मा.वि. प्राङ्गणमा | दिउँसो ३ बजे | श्री रंधिर कुमार यादव खा.प.स.टे |

बाँकी अन्तिम पृष्ठमा

# विधान पारित गर्दै कसेरा समाजको दुई दिने राष्ट्रिय भेला सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**
जातिय उत्थान, संस्कृतिको जगेर्ना र आफ्नो पहिचानका लागि आयोजना गरिएको कसेरा समाजको दुई दिने राष्ट्रिय भेला आईतवार सम्पन्न भएको छ ।

प्रस्तावित विधानमाथी व्यापक छलफल पश्चात विधान पारित गर्दै राष्ट्रिय भेला सम्पन्न भएको हो । कसेरा समाज नेपाल सप्तरीले राजविराजमा आयोजना गरेको प्रस्तावित विधान माथीको छलफल कार्यक्रममा देशभरका कसेरा समाजका अगुवाहरु सहभागि भएका थिए ।

सो अवसरमा कसेरा समाजका केन्द्रिय तदर्थ समितिका अध्यक्ष हरिनारायण साह कसेराले संगठित रुपमा अघि बढेमात्र सफलता मिल्ने बताउँदै कसेरा समुदायको आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक पक्ष सबल बनाउन सबै संगठित भई अघि बढ्नु पर्ने बताए ।

उनले देशभर छरिएर रहेका कसेरा समुदायलाई संगठित गरी उत्थान र पहिचानका लागि आफू सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्दै दुई दिन सम्म चलेको भेलाबाट प्राप्त सुझावलाई केन्द्रिय समितीले प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने बताए ।

यसअघि गत माघ २६ र २७ गते सुनसरीको इटहरीमा भएको कसेरा समाजको प्रथम राष्ट्रिय भेलाले तदर्थ समिति गठन गर्दै विधान तयार गरी अघि बढ्ने निर्णय गरेअनुरुप विधान माथी छलफल कार्यक्रमको आयोजना गरिएको र भेलाबाट विधान पारित भएपछि संस्थाको गतिविधीलाई तिब्रता प्रदान गर्न सहज भएको कार्यक्रमका आयोजक कसेरा समाज नेपाल सप्तरीका अध्यक्ष दिनेश कुमार साह कसेराले बताए ।

दुई दिनसम्म चलेको कार्यक्रमको पहिलो दिन अर्जुन साह कसेराले प्रस्तावित विधान प्रस्तुत गरे पश्चात् छलफल र सुझाव संकलन कार्य सुरु भएको थियो भने दोश्रो दिन आईतवार प्रस्तावित विधानमा केही संशोधन गरी पारित गरिएको समाजका केन्द्रिय वरिष्ठ सल्लाहकार गणेश कुमार आशले जानकारी दिए ।

समाजका सप्तरी अध्यक्ष दिनेशकुमार साह कसेराको अध्यक्षतमा आयोजित कार्यक्रममा समाजका केन्द्रिय महासचिव दिपक साह कसेरा, केन्द्रिय कोषाध्यक्ष पुनमदेवी साह कसेरा, केन्द्रिय सल्लाहकार रामनारायण साह, मोरङ जिल्ला अध्यक्ष लक्ष्मण प्रसाद साह, झापा जिल्ला अध्यक्ष मदनमोहन साह कसेरा, उपाध्यक्ष प्रदिप कुमार साह कसेरा, सुनसरी जिल्ला अध्यक्ष परमानन्द साह, धनुषा जिल्ला अध्यक्ष सोनु कुमार साह, सचिव आकाश कुमार साह, महोत्तरी जिल्ला प्रतिनिधि महेन्द्र प्रसाद साह, उदयपुर जिल्ला प्रतिनिधि महेश साह, मकवानपुर जिल्ला प्रतिनिधि कृष्णा कंसाकार लगायतले प्रस्तावित विधानमा समेटिनु पर्ने विषयबारे आ आफनो सुझाव राखेका थिए ।

दुई दिनसम्म चलेको कार्यक्रममा देशभरबाट कसेरा समाजका दुई सय भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको समाजले जनाएको छ ।

# पुस्तक बिक्रीबाट प्राप्त रकमबाट देशैभर छात्रवृत्ति

काठमाडौं, २५ चैत (रासस) ।
मुटुरोग विशेषज्ञ डा ओम मूर्ति अनिलद्वारा लिखित 'जीवन्त सम्बन्ध' बिक्रीबाट प्राप्त रकम देशका ७७ वटै जिल्लाका गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने भएको छ । 'डा ओम फाउण्डेशन' द्वारा आइतबार जारी विज्ञप्तिमा वर्ष २०८० को चर्चित पुस्तकमध्ये एक 'जीवन्त सम्बन्ध'को बिक्रीबाट प्राप्त हुने सम्पूर्ण रकम लेखकले स्वास्थ्य, शिक्षा र सामाजिक रूपान्तरणमा खर्च गर्ने क्रममा शैक्षिक सत्र २०८१ मा छात्रवृत्ति प्रदान गरिने भएको छ ।

पुस्तक बजारमा आएको छ महिनाको अवधिभित्र २० हजार प्रतिभन्दा बढी बिक्री भइसकेको फाउण्डेशनले जनाएको छ । गत असोज ६ गतेदेखि बजार उपलब्ध पुस्तक विमोचनपूर्व नै प्रिबुकिङ भएको थियो भने स्वदेश तथा विदेशबाट दिनहुँ माग भइरहेको बताइएको छ । पुस्तक देशभरिकै अधिकांश पुस्तक पसलहरु र भाटभटेनी सुपरमार्केटका देशभरिकै स्टोरमा उपलब्ध रहेको छ भने समीक्षा पब्लिकेसन्सलगायत विभिन्न अनलाइन प्लेटफर्म र वितरकमार्फत पाठकसमक्ष पुऱ्याइँदै आएको छ ।

पाठकहरूद्वारा अत्यधिक रुचाएको पुस्तकहरूको सूचीमा यस वर्ष मुटुरोग विशेषज्ञ डा. ओम मूर्ति अनिलद्वारा लिखित 'जीवन्त सम्बन्ध' पर्न सफल भएको छ । पाठक प्रतिक्रिया र समीक्षकहरूको प्रशंसासँगै छोटो समयमा पुस्तकको उच्च बिक्रीले जीवन्त सम्बन्ध पुस्तक पाठकको रुचीमा पर्न सफल भएको हो । पाठकको उत्साहजनक सहभागिता र माग बढिरहेको फाउण्डेसनले छिट्टै पुनः संस्करण ल्याउने तयारी गरेको छ । ५३ वटा खण्डलाई २३१ पृष्ठमा समेटिएको 'जीवन्त सम्बन्ध' पुस्तक कुल २४० पृष्ठको रहेको छ ।

यस पुस्तकले विशेषगरी बुबा-आमा र सन्तानबीचको सम्बन्धलाई मिहीन ढङ्गबाट केलाइएको छ । लेखकले आफ्नो जीवन भोगाइ, अनुभव र ज्ञानलाई रचनात्मक तरिकाले पुस्तकमा समाविष्ट गरेको हुँदा सबैलाई आफ्नै कथाव्यथा जस्तो लाग्ने भएकालाई पुस्तकले पाठकको मन जित्न सफल भएको समीक्षकहरूको भनाइ छ ।

त्यस्तै बदलिँदो नेपाली समाजमा खड्किँदै गएको सम्बन्धको महत्वलाई पुस्तकमा सुन्दर तरिकाले प्रस्तुत गरिएको छ । सामाजिक रूपान्तरणका निम्ति बलियो आधार बन्ने 'जीवन्त सम्बन्ध' पुस्तकका हरेक खण्डले मानिसलाई आफ्नो दायित्वबारे बुझाउन मद्दत गर्नेछ । विशेषगरी लेखकले 'म' पात्रमार्फत बुबासँगको सम्बन्धलाई प्रतिनिधिमूलक घटनाका रूपमा दर्शाउँदै नेपाली समाजको विम्ब प्रस्तुत गर्नुभएको छ ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिकाको कार्यालय, कठौना, सप्तरी**

# न्यायाधीशको परीक्षामा न्यूनतम ४० अंक कायम गर्ने सहमति

काठमाडौं, २५ चैत (रासस) ।
न्याय सेवा आयोगले जिल्ला न्यायाधीशका लागि लिइने परीक्षामा न्यूनतम उत्तीर्ण अङ्क ४० प्रतिशत कायम गर्ने विषयमा सहमति भएको जनाएको छ ।

प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिमा 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक'माथि आइतबार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित विषयमा दफावार छलफल हुँदा उक्त सहमति भएको हो ।

न्याय सेवा आयोगले जिल्ला न्यायाधीशका लागि न्यूनतम ५० प्रतिशत अङ्क ल्याउनुपर्ने यसअघिको प्रावधान रहँदा धैरै विद्यार्थी अनुत्तीर्ण भएको हुँदा केही परिमार्जन गेर जानुपर्ने विषयमा सहमति भएको हो । आयोगले यसअघि लिएको परीक्षामा एकजना मात्र उत्तीर्ण हुनुभएको थियो ।

कानुन, न्याय तथा संसदीय ममिलामन्त्री पदम गिरीले परीक्षामा अधिकतम नम्बर ल्याउने नै प्रतिस्पर्धामा आउने भएको हुँदा न्यूनतम अङ्क ४० प्रतिशत राख्दा उपयुक्त हुने धारणा राख्नुभएको थियो । उक्त विषयमा समितिमा वृहत छलफल भएर सहमति भएको हो ।

समितिका सदस्यहरु महेश बर्तौला, जीवन परियारलगायतले परीक्षा प्रणाली र पाठचक्रममा सुधार गर्नुपर्ने र न्यायाधीशजस्तो विषयमा हल्कारुपमा लिन नहुने विषयमा सुझाव दिँदै न्यूनतम ४० प्रतिशत अङ्क राख्ने सहमति जनाउनुभएको थियो ।

जिल्ला न्यायाधीशको परीक्षामा असाध्यै न्यून विद्यार्थी उत्तीर्ण भएपछि न्याय परिषद् सचिवको अध्यक्षतामा गठित पाठचक्रम परिमार्जन समितिले बनेको थियो । उक्त समिति सिफारिस २०८० सरोकारवाला विज्ञसहित समूहले पाठचक्रम परिमार्जन गरी न्याय सेवा आयोगलाई बुझाएर अनुमोदनसमेत भइसकेको छ । उक्त पाठचक्रम परीक्षण हुनै बाँकी छ ।

उक्त समितिमा 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक'माथि चरणवद्धरुपमा छलफल भइरहेको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरिले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक एक हप्ताभित्रमा टुङ्ग्याउने तयारीमा छलफल अघि बढाउनुपर्ने बताइरहनुभएको छ । उक्त विधेयक विभिन्न ७९ वटा कानुनलाई संशोधन गर्न ल्याएको एकीकृत विधेयक हो ।

## बैंकबाट झिकेका ...

बैंकका दुई वटा र राष्ट्रिय वाणिज्य बैंकका तीन वटा खाली चेक तथा मोबाइल लुटेर लगेका छन् । उनले लुटेरा भारततर्फ भाग्न सक्ने भन्दै सबै नाकामा चेकजाँचमा कडाई गरेको बताए ।

सो रकम विष्णुपुर गाउँपालिका १ का कुशेश्वर यादवले सञ्चालन गर्दै आएको मनी ट्रान्सफरको रहेको बताइएको छ ।

प्रहरी नायव उपरीक्षक सापकोटाले घटनाको पुष्टि गर्दै थप विवरण सङ्कलन भइरहको जानकारी दिँदै घटनाबारे थप अनुसन्धान भइरहेको बताए ।

## डाक्नेश्वरी नगरपालिका...

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | डाक्नेश्वरी वडा नं. २ वडा कार्यालयको गेट बाउन्ड्री वाल निर्माण कार्य | [illegible] | २०८१।०१।०४ | वडा कार्यालय भवनमा | बिहान ७ बजे | श्री जिवन कुमार चौधरी सब-इन्जिनयर |
| २४ | डाक्नेश्वरी वडा नं. ८ वडा कार्यालय व्यवस्थापनको | २५०००० | २०८१।०१।०५ | वडा कार्यालय भवनमा | दिउँसो ३ बजे | श्री संजय कुमार यादव सब-इन्जिनयर |
| २५ | वडा नं ३ अधरो शिव मन्दिर निर्माण कार्य | ५००००० | २०८१।०१।०५ | शिव मन्दिर प्राङ्गणमा | दिउँसो ३ बजे | श्री सुनिल कुमार साह अ.सब-इन्जिनियर |
| २६ | वडा नं. 5 (साविक वडा नं. 2) को कब्रिस्तान बौउण्ड्री वाल कार्य | ३००००० | २०८१।०१।०५ | कब्रिस्तानमा | दिउँसो ३ बजे | श्री सुशिल कुमार यादव सब-इन्जिनयर |
| २७ | वडा नं. 5 हाजी ओली मियाँको जुडि नदिदेखि पश्चिम कब्रिस्तान बाउण्ड्री वाल निर्माण कार्य | ८००००० | २०८१।०१।०५ | कब्रिस्तानमा | दिउँसो ३ बजे | श्री रंधिर कुमार यादव खा.प.स.टे |
| २८ | वडा नं. 7 ललितपुर टोलको डगरिन मंदिरको बाउण्ड्री वाल निर्माण कार्य | ३००००० | २०८१।०१।०५ | डगरिन मन्दिर प्राङ्गणमा | दिउँसो ३ बजे | श्री विवके कुमार मंडल अ.सब-इन्जिनियर |
| २९ | वडा नं. 9, मा.वि. पत्थरगाडाको चार कोठे भवन फिनिसिङ्ग कार्य | ७००००० | २०८१।०१।०५ | एस.एल.पी. मा.वि. प्राङ्गणमा | दिउँसो ३ बजे | श्री लक्ष्मी नारायण साह सब-इन्जिनयर |
| ३० | वडा नं. 8, झौली मलाहको घर देखि देवेन्द्र मलाहको घर सम्म RCC ढलान कार्य | ५००००० | २०८१।०१।०५ | देवेन्द्र मंडलको घर अगाडी | बिहान ७ बजे | श्री विवके कुमार मंडल अ.सब-इन्जिनियर |
| ३१ | नगरभित्र स्वच्छ खानेपानीको लागि टुवेल जडान कार्य | ८००००० | २०८१।०१।०६ | बेल्हा पोखरीको डिलमा | बिहान ७ बजे | श्री विवके कुमार मंडल अ.सब-इन्जिनियर |
| ३२ | नगरभित्र स्वच्छ खानेपानीको लागि टुवेल जडान कार्य | २५०००० | २०८१।०१।०६ | बेल्हा पोखरीको डिलमा | दिउँसो ३ बजे | श्री संजय कुमार यादव सब-इन्जिनयर |
| ३३ | डाक्नेश्वरी ६ औरही साविक३ कपलेश्वर रामको घरनीर खानेपानी टुवेल जडान कार्य | २०००० | २०८१।०१।०६ | कपलेश्वर रामको घरको घर अगाडी | बिहान ७ बजे | श्री सुनिल कुमार साह अ.सब-इन्जिनियर |
| ३४ | डाक्नेश्वरी न.पा. को अमरलती चौक देखी प्रवाहा सम्म बाटो मर्मत कार्य | २००००० | २०८१।०१।०६ | वडा नं. ८ को वडा कार्यालय | बिहान ७ बजे | श्री संजय कुमार यादव सब-इन्जिनयर |

**योजना अधिकृत**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*